## अलैंची विकास केन्द्र, फिक्कल, इलाम

# सूचनाको हक सम्बन्धी ऐन ,२०६४ को दफा ५(३) र नियमावली २०६५ को नियम (३) बमोजिम सार्वजनिक स्वतः प्रकाशन

## (Pro-active Disclosure)

### २०७९ माघ महिना देखि चैत्र मसान्त सम्म



# अलैंची विकास केन्द्र, फिक्कल, इलाम



## नि. केन्द्र प्रमुख

**राजन परियार**

**माटो विज्ञ**

**सम्पर्क नः ९८५२६८०९६७**



## सूचना अधिकारी

**अनुपा सुवेदी**

**बागवानी विकास अधिकृत**

**सम्पर्क नः ९८५२६८०५६१**

## १. पृष्ठभूमि तथा परिचय

मेची अञ्चलको मध्य भागमा पर्ने इलाम जिल्लाको उत्तर तर्फ सूर्योदय नगरपालिका वार्ड नम्बर ९ स्थित पान्दाम भन्ने स्थानमा अलैंची विकास केन्द्र रहेको छ । यो केन्द्र इलामको फिक्कल बजार देखि ४.५ कि.मी. उत्तरतर्फ पर्ने बरबोटे भन्ने स्थानबाट गोर्खे जाने कच्ची सडकको किनारमा अवस्थित छ । केन्द्रको आवास क्षेत्र भने फिक्कल बजारबाट ३ कि.मी.को दुरीमा पशुपतिनगर जाने सडकको छेवैमा रम्फोक भन्ने स्थानमा रहेको छ । केन्द्रको आवास तथा कार्यालय बिचको दुरी ३.५ कि.मी. रहेको छ ।

केन्द्रको इतिहासलाई अध्ययन गर्दा आर्थिक वर्ष २०३२-०३३ सालमा तत्कालिन फिक्कल गाउं विकास समितिको वडा नं ४ पान्दाम भन्ने स्थानमा २०३३ कात्तिक १५ गते अलैंची विकास योजनाको रुपमा ३४५ रोपनी जग्गा खरीद भई अलैंची अनुसन्धान तथा विकास कार्यक्रमको नामले थालनी भएको पाइन्छ । त्यस बखत सो आयोजनाको आफ्नो कार्यालय भवन नभएको र स्थानीय काजी श्री पदम चन्द्र लाप्चाको कोठीमा भाडामा कार्यालय स्थापना गरी कार्य थालनी भएको देखिन्छ ।

२०३९ मा पूर्वाञ्चलका इलाम, पांचथर, तेह्रथुम जिल्लाहरुलाई अलैंची विकास क्षेत्र घोषणा गरी अलैंची विकास कार्यक्रम सरकारी र निजी क्षेत्र (कृषकस्तर) मिली वृहत रुपमा संचालन गरियो । बिक्रम सम्बत २०३९ सालमा अलैंची विकास योजना फिक्कल, इलामलाई नेपाल चिया विकास निगममा गाभियो तर निगममा दक्ष जनशक्तिको अभाव र सीमित कार्यक्षेत्रले गर्दा राष्ट्रिय स्तरमा कार्यक्रम संचालन गर्न समन्वयको अभाव खड्किएकाले २०४५ साल भाद्र २९ गते देखि नेपाल चिया विकास निगमवाट पुनः नेपाल सरकार कृषि विकास मन्त्रालय, कृषि विभाग अन्तरगत "राष्ट्रिय अलैंची बाली विकास कार्यक्रम" को नामले संचालन भयो । सोही समयमा नेपाल चिया विकास निगमको ४ वटा आवास रहेको २७ रोपनी जग्गा समेत यस केन्दंलाई प्राप्त भयो । हाल यस केन्द्रको आवास गृहहरु समेत गरी ३७३.५ रोपनी (१८.७ हेक्टर) क्षेत्रफल रहेको छ ।

हालको संरचना अनुसार अलैंची विकास केन्द्र फिक्कल इलाम, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र किर्तीपुरको प्राविधिक एवं प्रशासनिक नियन्त्रणमा रहेको छ।

## २. केन्द्रको भौगोलिक तथा भू-उपयोग स्थिति

### भौगोलिक स्थिति

| | |
|---|---|
| उचाई | १२००–१६०० मिटर |
| हावापानी | उपोष्ण |

| | |
|---|---|
| तापक्रम | १२.७–२१.८ डि.से. |
| मोहोडा | पश्चिम उत्तर |
| वर्षा | २३००–२४०० मि.मि. |

**भू-उपयोग**

| | |
|---|---|
| कार्यालय परीसर | ३७ रोपनी |
| अलैंची बगान | १० रोपनी |
| नर्सरी क्षेत्र | ७१ रोपनी |
| जंगल, भिर, खोल्सी | २२८.५ रोपनी |
| कर्मचारी आवास क्षेत्र | २७ रोपनी (रम्फोक) |
| **जम्मा** | **३७३.५ रोपनी (१८.७ हेक्टर)** |

## ३. केन्द्रको कार्य विवरण


नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मंत्रालय अन्तर्गतको यो केन्द्र अलैंची बाली हेर्ने एक मात्र कार्यालय हो। यस केन्द्रको कार्यक्षेत्र नेपालको अलैंची खेती हुने सम्पुर्ण जिल्लाहरु पर्दछन् । नेपालमा अलैंची खेतीको ब्यवसायिक सुरुआत भएको इलाम जिल्लालाई केन्द्र बिन्दु मानेर स्थापना भएको यस कार्यालयको कार्य विवरण निम्नानुसार रहेको छ ।

- अलैंचीको जातिय संरक्षण एवं सम्वर्दन,
- अलैंची विकास सम्बन्धी राष्ट्रिय व्यवसायिक नीति तथा योजना तर्जुमा राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्रलाई पृष्ठपोषण सम्बन्धी कार्य,
- नविनतम प्रविधि जस्तैः तन्तु प्रजनन आदीको उपयोग गरी रोग रहित अलैंची वेर्ना उत्पादन तथा वितरणको कार्य गर्ने,
- अलैंची उत्पादन तथा विकास सम्बन्धमा उत्पादक कृषकलाई तालिम तथा प्राविधिक सेवा प्रदान गर्ने,
- सम्वन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- अलैंची विकास सम्बन्धमा कृषि अनुसन्धान केन्द्र, सम्बन्धित कृषि ज्ञान केन्द्रहरु तथा अन्य सम्बन्धित निकायहरुसंग समन्वय एवं सहकार्य गर्ने,

- फर्मको उत्पादकत्व एवं आम्दानी वृर्दि गर्न जमिन तथा अन्य पुर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी (Action Oriented) अध्ययन परीक्षण संचालन गर्ने,
- अलैंचीको बीउ, वेर्ना र प्रविधिको राष्ट्रिय श्रोत केन्द्रको रुपमा कार्य गर्ने,
- अलैंची बाली उत्पादन सम्बन्धी उन्नत प्रविधिको प्रदर्शन गर्ने,
- नेपाल सरकारले तोकेको अलैंची विकास सम्बन्धी अन्य काम ।

## ४. अलैंची विकास केन्द्र, इलामको स्वीकृत दरबन्दी विवरण

### दरवन्दी तेरिज




### जनशक्ति बिवरण

| क्र.सं. | श्रेणी | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|
| 1 | रा.प.द्वि.प्रा. | 1 | ० | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | रा.प.तृ.प्रा.(वागवानी) | २ | 1 | १ | |
| 3 | रा.प.तृ.प्रा.(बाली संरक्षण) | 1 | ० | 1 | |
| 4 | रा.प.तृ.प्रा.(माटो) | 1 | 1 | ० | |
| 5 | रा.प.अनं प्र.प्रा. | २ | 2 | ० | |
| ६ | रा.प.अनं दि.प्रा. | १ | ० | १ | |
| 6 | रा.प.अनं.द्वि.( लेखा) | 1 | 1 | ० | |
| 7 | रा.प.अनं द्वि.(प्रशासन) | 1 | 1 | ० | |
| 8 | का.स. (निम्न स्तर ) | 3 | २ | १ | १ करार |
| 9 | ह.स.चा. (निम्न स्तर ) | 1 | 0 | १ | १ करार |
| | जम्मा | १४ | १० | ४ | |

## ५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर, प्रदान गर्ने शाखा र अवधि

| क्र. सं | सेवाको प्रकृति | लाग्ने समय | लाग्ने दस्तुर | सेवा प्रदान गर्ने कर्मचारी शाखा तथा कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अलैंची बिरुवा बिक्री वितरण | १ दिन (असार पहिलो साता देखि) | रु ५। प्रति बिरुवा | प्राविधिक फांट कोठा नं ९ | |
| २ | अलैंची खेति सम्वन्धि प्राविधिक सेवा | तुरुन्तै | निःशुल्क | प्राविधिक फांट | प्राविधिकहरु विदा वा काजमा रहेको अवस्थामा ९८५२६८०९६७,९८५२६८०५६१ मा फोन गरि सेवा लिन सकिने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बाली संरक्षण सम्बन्धि प्राविधिक सेवा | तुरुन्तै | निःशुल्क | बाली संरक्षण अधिकृत<br>कोठा नं ९ | |
| ४ | माटो तथा मलखाद व्यवस्थापन सम्बन्धि प्राविधिक सेवा | तुरुन्तै | निःशुल्क | माटो विज्ञ<br>कोठा नं १२ | |
| ५ | अलैंची खेति प्रविधि तालिम | १ देखि ७ दिन | निःशुल्क | प्राविधिक अधिकृतहरु<br>कोठा नं ९,१२,१३,१४ | केन्द्रको लक्ष्य बमोजिम |
| ६ | राजश्व संकलन | तुरुन्तै | नियमानुसार | सह लेखापाल<br>कोठा नं. ११ | रु. १०,०००।भन्दा माथिको राजश्व बैंक मार्फत संकलन गर्न सकिने । |
| ७ | चिठ्ठी पत्र दर्ता चलानी तथा सोधपुछ | तुरुन्तै | निःशुल्क | खरिदार<br>कोठा नं. १० | पत्राचार निवेदनको लागि बढीमा ६ कार्य दिन लाग्न सक्ने |

## ६. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीउपर आवश्यक छानविन गरी केन्द्र प्रमूखबाट निर्णय हुने ।

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

नामः वासुदेव काफ्ले

पदः प्रमुख, राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र

तहः सह-सचिव

## ८. सम्पादन गरेको कामको विवरण

### त्रैमासिक प्रगति विवरण

| क्र.स. | सम्पादन भएको प्रमुख कार्यहरु | इकाई | वार्षिक लक्ष्य र त्रैमासिक प्रगती | | प्रतिफल |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष्य | त्रैमासिक प्रगती | |
| १ | टिस्यूकल्चर ल्याबको भुइ तथा भित्तामा टाइल लगाउने तथा मर्मत गर्ने | पटक | १ | १ | काम नियमित भइरहेको |
| २ | छात्रावास/तालिम हलमा ट्रस लगाउने | पटक | १ | १ | काम नियमित भइरहेको |
| ३ | कार्यालय र आवास गृह मर्मत तथा रंग रोगन | जना | १ | १ | कार्यालयको सुन्दरता बढेको |
| ४ | टिस्यूकल्चर ल्याबको माथील्लो तथामा पार्टेशन गर्ने | पटक | १ | १ | ल्याबको क्षेत्र विस्तार गरी काम गर्न सहज |
| ५ | अतिथि गृह डर्मेटरी व्यवस्थापन | पटक/संख्या | १ | १ | अतिथिलाई सहजता |
| ६ | टिस्यु कल्चर विरुवा उत्पादनको लागी अलैची माउबोट संकलन तथा रोपण | रोपनि | १ | १ | गुणस्तरीय बेर्ना तयार गरिने |
| ७ | विउ आलु उत्पादन | मे.टन | १ | १ | गुणस्तरीय बीउ प्रदान गरी कृषकको उत्पादनमा टेवा |
| ८ | मौसमी तथा बेमौसमी तरकारी वेर्ना उत्पादन तथा विक्री वितरण | हजार वटा | ३ | ३ | काउली, ब्रोकाउली, प्याजको बेर्ना उत्पादन |
| ९ | अकबरे खुर्सानीको बिउ उत्पादन तथा बिक्रि वितरण | के. जी. | १ | १ | गुणस्तरीय बीउ तयार गरिएको |
| १० | १ लाख अलैची विक्री योग्य विरुवा उत्पादनको लागी कच्चा पदार्थ | संख्या | १००००० | १००००० | बिरुवा रोपण कार्य भएको |
| ११ | अलैंचीको श्रोत बिउ बेर्ना उत्पादन गर्ने निजि फार्महरुको तथ्यांक अध्यावधिक तथा अलैंची उत्पादन लागत अध्ययन सर्वेक्षण | संख्या | १ | १ | अलैंची कृषकको बारे जानकारी प्राप्त |
| १२ | हाइटेक नर्सरीमा भेडे खुर्सानी तथा काक्रा उत्पादन प्रर्द्धशन | संख्या | १ | १ | गुणस्तरीय उत्पादन प्रकृयाबारे कृषक जानकार |
| १३ | एभोकाडोको विरुवा उत्पादन | हजार वटा | ५ | ५ | गुणस्तरीय बेर्ना तयार गरिने |

## ९. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण

**२०७९ माघ देखि २०७९ चैत्र मसान्तसम्म तथा हालसम्मको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण**

| खर्च समूह | विनियोजन/खर्च | बजेट विनियोजन तथा खर्च (रू.लाखमा) | |
|---|---|---|---|
| | | बार्षिक | तृतीय |
| **पूँजीगत** | विनियोजन | ४० | ४ |
| | खर्च | - | १.९२३ |
| | प्रतिशत | - | ४८.०९ |
| **चालु** | विनियोजन | २०२.३६ | ६८.३३ |
| | खर्च | - | ३३.५३ |
| | प्रतिशत | - | ४९.०८ |
| **जम्मा** | विनियोजन | २४२.३६ | ७२.३३ |
| | खर्च | - | ३५.४५३ |
| | प्रतिशत | - | ४९.०२ |

## राजश्व आम्दानीको विवरण

| क्र.सं. | कार्यालय | राजश्व (रु.) | | |
|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तृतीय त्रैमासिक |
| | | | | |
| १ | अलैची विकास केन्द्र,इलाम | २५००.०० | २४३३५.०० | ७७६६०.०० |
| | जम्मा | | | १०४४९५.०० |

१०. यस अवधिमा कुनै पनि कार्यक्रम वा आयोजना सञ्चालन भएको/नभएको: नभएको

११. यस अवधिमा कुनै प्रकारको सूचना परियोजना, वैदेशिक सहायता, ऋण वा अनुदान प्राप्त भए/नभएको: नभएको ।

### १२. कार्यालयको वेभसाईटको विवरणः

यस कार्यालयको वेभसाईट https://www.alaichibikash.gov.np/ne मा रहेको छ ।

### १३. यस अवधिमा कुनै कार्यक्रम स्वीकृत भए/नभएकोः वार्षिक कार्यक्रम स्वीकृत भएको।

### १४. कार्यालयमा परेको सूचनाको माग सम्बन्धि निवेदन र सूचना दिइएको विषयः

### १५. कानुनले गोप्य राख्नुपर्ने बाहेकका सूचनाहरु नागरिक र विभिन्न निकायहरुले माग गरेको बखत प्रदान गर्ने गरेको।

### १६. कार्यालयको सूचनाहरु प्रकाशनको विवरणः

इमेल/फेसबुक पेज/वेभसाइट/ बार्षिक प्रगति प्रतिवेदन पुस्तिका मार्फत साथै स्थानिय पत्रपत्रिका मार्फत प्रकाशन हुदै आएको ।

**website**: https://www.alaichibikash.gov.np/ne

ईमेलः alaichibikash033@gmail.com

**Facebook** : https://m.facebook.com/alaichibikash/

**अनुपा सुवेदी**

**बागवानी विकास अधिकृत**

**एवम् सूचना अधिकारी**

**अलैंची विकास केन्द्र, फिक्कल, इलाम**

**मितिः २०७९।१०।२**